# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np

प.सं. ०७७/०७८
च.नं. ८६७

मिति: २०७८/०३/२५

श्री नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै
बुटवल उपमहानगरपालिका, नगर कार्यपालिका ।

विषय:- निर्णयको प्रतिलिपि पठाइएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस बुटवल उप-महानगरपालिका नगरकार्यपालिकाका प्रमुख श्री शिवराज सुवेदीज्यूको अध्यक्षतामा मिति २०७८।०३।२३ गतेका दिनमा वसेको ८४ औं नगर कार्यपालिकाको बैठकबाट पारित निर्णयहरु यसै साथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

शिब प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. प्रथम श्रेणी)

बोधार्थ
श्री प्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री उपप्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाका महाशाखा प्रमुखहरु सबै
श्री वडा कार्यालयहरु सबै वडा नं.१-१९
श्री सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा : वेभसाइटमा अपलोड गरी दिनु हुन ।

Scanned with CamScanner

बैठक नं.८४

आज मिति २०७८/३/२३ गतेका दिन, बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८ :00 बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | — |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | — |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

Scanned with CamScanner

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर वहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हिम बहादुर खत्री | सदस्य | |
| २१ | डिल प्रसाद नेपाली | सदस्य | |
| २२ | रन्जित शेरचन | सदस्य | |
| २३ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २४ | बिमला श्रेष्ठ | सदस्य | |
| २५ | सिता कुमारी थापा | सदस्य | |
| २६ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २७ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २८ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रेम बहादुर गाहा - का.वा. वडाध्यक्ष - 2 -

शिव बहादुर अधिकारी - का.वा. वडाध्यक्ष - ९ -

तिला प्रसाद श्रेष्ठ - का.वा. वडाध्यक्ष - 3

Scanned with CamScanner

...क्षा थप गर्न तथा विषय थप गर्न अनुमति दिने विद्यालयहरु :

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | थप गर्ने कक्षा/विषय | विषयहरु |
|---|---|---|---|
| १ | ज्ञानोदय माध्यमिक विद्यालय | कक्षा ११ थप | अंग्रेजी, नेपाली , लेखा विधि, बाल विकास र सिकाइ,अर्थशास्त्र, वित्त शास्त्र, बजार शास्त्र, स्वास्थ्य शारीरिक शिक्षा |
| २ | सन्तोषिमाता गुरुकुल विद्याश्रम | कक्षा ११ थप | नेपाली, अंग्रेजी, सामाजिक, संस्कृत भाषा न्याय व्याकरण, ज्योतिष, व्याकरण, ऐच्छिक नेपाली, अर्थशास्त्र |
| ३ | इडन इङ्गलिस बोर्डिङ स्कूल | कक्षा ११ थप | नेपाली, अग्रेजी, सामाजिक अध्ययन तथा जिवनोपयोगी शिक्षा, स्वास्थ्य तथा शारिरीक शिक्षा, स्वास्थ्य तथा शारिरीक शिक्षा, लेखा विधि, होटल व्यवस्थापन, समाज शास्त्र, व्यवसाय अध्ययन , अर्थशास्त्र, वित्तशास्त्र |
| ४ | ज्ञानपुञ्ज सेकेण्डरी बोर्डिङ स्कूल | कक्षा ११ थप | अग्रेजी, नेपाली , समाजिक , होटल व्यवस्थापन, कम्प्यूटर , अर्थशास्त्र, वित्त पत्र, बजार शास्त्र, व्यवसाय अध्ययन, लेखा, ऐ अंग्रेजी, ऐ. नेपाली, स्वाथ्य |
| ५ | बुटवल मावि बुटवल १ | कक्षा १२ थप | शिक्षा र व्यवस्थापन समूहका विषयहरु |
| ६ | न्यू भिजन सेकेण्डरी स्कूल बुटवल १२ | कक्षा १२ थप | विज्ञान, व्यवस्थापन , कानुन र शिक्षा समूहका विषयहरु |
| ७ | नविन औद्योगिक कदरबहादुर रिता मावि | कक्षा ११ मा विषय थप | शिक्षा र कानुन समूहका विषयहरु |
| ८ | एभिभर्स एकेडेमी | कक्षा ११ मा विषय थप | भौतिक शास्त्र, रसायन शास्त्र, जीव शास्त्र |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | अन्नपूर्ण सेकेण्डरी स्कूल | कक्षा ११ मा विषय थप | मास कम्यूनिकेशन, सब ओभरसियर |
| १० | बुटवल ग्लोरी इङ्लिस बोर्डिङ स्कूल | ११ मा विषय थप | ट्राभल एण्ड टुरिजम |

**प्रस्ताव ८४.३.२**

सहकारी नियमावली, २०७८ टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं.८४.३.२**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालित सहकारी संस्थाहरुको अनुगमन तथा नियमन गरी व्यवस्थित गर्ने प्रयोजनका लागि कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको सहकारी नियमावली, २०७८ टेबुल भयो ।

**प्रस्ताव ८४.३.३**

राजश्व परामर्श समितिबाट सिफारिस भै आएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.८४.३.३**

बुटवल उपमहानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७८।३।३ मा बसेको बैठकबाट सिफारिस भई आए बमोजिम निर्माणको अन्तिम चरणमा पुगेको लुम्बिनी बस टर्मिनलको सटर कोठाहरुको बहाल बन्दोबस्ती निम्न बमोजिमको प्रक्रियाबाट अवलम्बन गर्ने र निम्नानुसारको न्यूनतम मासिक बहाल रकम कायम गर्ने ।

क) पार्टेसन नभएको पहिलो र दोस्रो तलाको भागलाई बैंक, वित्तीय संस्था वा कर्पोरेट क्षेत्रबाट मात्र प्रतिस्पर्धा गर्ने गरी सूचना प्रकाशन गर्ने ।

ख) बांकी सटरहरुको छुट्टाछुट्टै प्रतिस्पर्धात्मक रुपमा बहाल बन्दोबस्तीका लागि सूचना प्रकाशन गर्ने ।

ग) मासिक बहाल रकमको वार्षिक वृद्धिदर ५ प्रतिशत गर्ने , बहाल संझौता गर्दा ६ महिनाको बहाल रकम दाखिला गर्नुपर्ने वा १ वर्षको बहाल रकम बराबरको बैंक ग्यारेन्टी राख्नुपर्ने र पहिलो र दोस्रो तलाका सटरहरुमा होटल रेष्टुरेन्ट वा चिया पसल राख्न निषेध गर्ने र बहाल संझौताको अवधि ५ वर्ष कायम गर्ने ।

घ) भुई तलाका सटरहरुको प्रति स्क्वायर मिटर रु.९५०/ पहिलो तलाका सटरहरुको प्रति स्क्वायर मिटर रु.६५०/ दोस्रो तलाका सटरहरुको प्रति स्क्वायर मिटर रु.५००/ का दरले निम्नानुसार न्यूनतम मासिक बहाल रकम कायम गर्ने ।

## Shopping Complex Rent Calculation Sheet

*Lumbini Bus Terminal Shopping Complex*

F/Y : 2077/78

*Butwal-09, LBT Complex*

| Shop No. | Floor Level | Floor Area (Sqm) | Rate of Rent/ Sqm/ Month | Amount/ Month | Rent / Month Round figer | Remarks |
|---|---|---|---|---|---|---|
| १९ | Ground Floor | ४७.१६ | ९५०.०० | ४४,८०२.०० | ४५,०००.०० | |
| २० | Ground Floor | ४६.७० | ९५०.०० | ४४,३६५.०० | ४४,५००.०० | |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | Ground Floor | ४६.६२ | ९५०.०० | ४४,२८९.०० | ४४,५००.०० | |
| २२ | Ground Floor | ३१.८७ | ९५०.०० | ३०,२७६.५० | ३०,५००.०० | |
| २३ | Ground Floor | ३१.७० | ९५०.०० | ३०,११५.०० | ३०,५००.०० | |
| २४ | First Floor | ८.०० | - | - | | Electrical Board Room |
| २५ | First Floor | २३.३० | ६५०.०० | १५,१४५.०० | १५,२००.०० | |
| २६ | First Floor | १७.९० | ६५०.०० | ११,६३५.०० | ११,७००.०० | |
| २७ | First Floor | १७.६० | ६५०.०० | ११,४४०.०० | ११,५००.०० | |
| २८ | First Floor | ८.६० | ६५०.०० | ५,५९०.०० | ६,०००.०० | |
| २९ | First Floor | ७.७५ | ६५०.०० | ५,०३७.५० | ५,१००.०० | |
| ३० | First Floor | ९.८० | ६५०.०० | ६,३७०.०० | ६,४००.०० | |
| ३१ | First Floor | ९.८० | ६५०.०० | ६,३७०.०० | ६,४००.०० | |
| ३२ | First Floor | ७.७५ | ६५०.०० | ५,०३७.५० | ५,१००.०० | |
| ३३ | First Floor | ८.६० | ६५०.०० | ५,५९०.०० | ५,६००.०० | |
| ३४ | First Floor | ३८.२० | ६५०.०० | २४,८३०.०० | २५,०००.०० | |
| ३५ | First Floor | १८.९४ | ६५०.०० | १२,३११.०० | १२,४००.०० | |
| ३६ | First Floor | १७.६७ | ६५०.०० | ११,४८५.५० | ११,५००.०० | |
| ३७ | First Floor | २९५.६२ | ६५०.०० | १,९२,१५३.०० | १,९२,५००.०० | (With Passage & Toilet) |
| ३८ | Second Floor | ८.०० | - | - | | Electrical Board Room |
| ३९ | Second Floor | २३.३० | ५००.०० | ११,६५०.०० | ११,७००.०० | |
| ४० | Second Floor | १७.९० | ५००.०० | ८,९५०.०० | ९,०००.०० | |
| ४१ | Second Floor | १७.६० | ५००.०० | ८,८००.०० | ८,८००.०० | |
| ४२ | Second Floor | ८.६० | ५००.०० | ४,३००.०० | ४,३००.०० | |



Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३ | Second Floor | ७.७५ | ५००.०० | ३,८७५.०० | ३,९००.०० | |
| ४४ | Second Floor | ९.८० | ५००.०० | ४,९००.०० | ४,९००.०० | |
| ४५ | Second Floor | ९.८० | ५००.०० | ४,९००.०० | ४,९००.०० | |
| ४६ | Second Floor | ७.७५ | ५००.०० | ३,८७५.०० | ३,९००.०० | |
| ४७ | Second Floor | ८.६० | ५००.०० | ४,३००.०० | ४,३००.०० | |
| ४८ | Second Floor | ३८.२० | ५००.०० | १९,१००.०० | १९,१००.०० | |
| ४९ | Second Floor | १८.९४ | ५००.०० | ९,४७०.०० | ९,५००.०० | |
| ५० | Second Floor | १७.६७ | ५००.०० | ८,८३५.०० | ८,९००.०० | |
| ५१ | Second Floor | २९५.६२ | ५००.०० | १,४७,८१०.०० | १,४८,०००.०० | |
| Total | | ८८७.४९ | | ५,९९,७९७.०० | ७,५०,६००.०० | |

प्रस्ताव ८४.३.४

म्याद थप सम्वन्धमा ।

निर्णय नं.८४.३.४

यस बुटवल उप-महानगरपालिका वडा नं. ०९ स्थित लुम्विनी वस टर्मिनल भित्र सपिङ्ग कम्प्लेक्स भवन निर्माण कार्यका लागि ठे.नं. ११।०७५।०७६ भ्याट सहित ल.ई. रु.१०,८४,४१,७०९।०५ को ठेक्का श्री प्रेरा सुनिल, समिर जे.भी. गुल्मी को भ्याट सहित कवोल अंक रु.७९६४३४५५।९४ को वोलपत्र स्वीकृत भई मिति २०७७।०४।०६ गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई कार्यादेश दिईएकोमा निर्माण कार्य भईरहेको अवस्थामा कोभिड-१९ कोरोना भाईरसको कारणले निषेधाज्ञा जारी भई निर्माण कार्य समयमै सम्पन्न हुन नसकेको कारणले गर्दा तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने भएकोले निर्माण व्यवसायीबाट सम्झौताको म्याद थप गरी पाउ भनी निवेदन पेश हुन आएकोमा साईट इन्चार्जबाट प्राविधिक राय सहित २०७८।०४।२६ सम्म म्याद थप गर्न सिफारिस भई आएको हुंदा खरिद संभ्फौताको म्याद थप सम्बन्धमा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को उपनियम (३) मा उपनियम २ वमोजिम जाँचबुझ गर्दा निवेदकको उल्लेखित कारण मनासिव देखिएमा ६ महिनासम्मको अवधी वोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा बढीको कार्यपालिकोले थप गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्राविधिक राय समेतका आधारमा नगर कार्यपालिका कार्यालयमा थप



Scanned with CamScanner

आर्थिक दायित्व दावी नगर्ने शर्तमा मिति २०७८।०४।२६ गते सम्म म्याद थप गरी नगर विकास कोष ,काठमाडौंमा सहमतिको लागि पठाउने निर्णय गरियो ।

प्रस्ताव ८४.३.५
उपभोक्ता समितिको म्याद थप सम्बन्धमा ।
निर्णय नं.८४.३.५
गत विगत आ.व. मा स्वीकृत भै आर्थिक दायित्व सरी आएका योजनाहरु र चालु आ.व. २०७७/०७८ का लागि स्वीकृत योजनाहरु समेतको कार्यान्वयन चरणमा रहदा रहदै विश्वव्यापी रुपमा फैलिएको दोश्रो चारणको कोभिड-१९ का कारण यस जिल्लामा पनि जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट २०७८ वैशाख १६ गते देखि निषेधाज्ञा जारी हुँदा निर्माणाधिन योजनाहरुको निर्माण कार्यमा अवरोध आएको कारण तोकिएको समयमा कार्य हुन नसकेको एवं तत्पश्चात वर्षात शुरु भई निर्माण कार्यलाई अवरोध पुर्‍याएको र बर्षातको समयमा निर्माण कार्य गुणस्तरीय पनि नहुने भएको हुँदा वर्षा सकिनासाथ कार्य सुचारु गर्ने गरी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदानको हकमा तत् तत् सरकारको निर्णय बमोजिम हुन र यस उपमहानगरपालिकाको श्रोतबाट उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको हकमा २०७८ आश्विन मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव ८४.३.६
भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं.८४.३.६
बुटवल उप महानगरपालिकाद्धारा नगर क्षेत्र भित्रका भूमिहिन सुकुम्वासी तथा अव्यंवस्थित बसोवासीहरुको व्यवस्थापन गर्ने कार्य प्रकिया अगाडि बढाइएको । औद्योगिक क्षेत्रको नाममा रहेको जग्गामा वडा न. १७ का २९५० तथा वडा नं १८ का ८० परिवारहरु बसोवास गरी भोगचलन गरिरहेकाले आमोद कमोद गरेको जग्गा तिनै व्यक्तिहरुको नाममा दर्ता गर्ने व्यवस्थाका लागि भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्नका लागि वडा कार्यालयहरुद्धारा अनुरोध भै आएको । तर उल्लेखित परिवारहरुले भोग चलन गर्दै आएको जग्गा औधोगिक क्षेत्रको नाममंा श्रेस्ता रहेको देखिन्छ । अत: भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ मा ब्यबस्था भए बमोजिम वडा नं.१७ र १८ बाट प्राप्त पत्र बमोजिमका उल्लेखित परिवारहरुलाई आवश्यक ब्यबस्थापन मिलाउन भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव ८४.३.७

जानकारी पठाउने सम्वन्धमा ।

निर्णय नं.८४.३.७

भूमि सम्बन्धी ऐन २०२१ को दफा ५२(ख) मा भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने- (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहिन सुकुम्वासीलाई एक पटकका लागि नेपाल सरकारले निजले आवाद कमोद गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहराएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढने गरी जग्गा उपलब्ध गराउने छ भन्ने बिषय उल्लेख भएको । साथै अवयवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा ५२(ग)(१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुदाको बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघि देखि आवाद कमोद गर्दै आएका अव्यवस्थित बसोवासीहरुलाई एक पटकका लागि नेपाल सरकारले निजहरुले आवाद कमोद गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था रहेकोले नगर क्षेत्र भित्र बसोवास गर्न अनुपयुक्त देखिएको क्षेत्रमा रहेका,तिनाउ दानब करिडोर क्षेत्र भित्र परेका बस्तीमा रहेका भूमिहिन सुकुम्वासीलाई आवाद कमोद गर्दै आएको स्थानमा जग्गा उपलब्ध गराउन नमिल्ने भई नेपाल सरकारले तोकेको स्थानमा जग्गा उपलब्ध गराउनु पर्ने भएमा उक्त प्रयोजनका लागि बुटवल उप-महानगरपालिका वडा नं. १७ मा रहेको (साविक मोतिपुर) नक्सा नं. ५ (ग) कि.नं. ५०६ को (जंगल) १०-०६-१५,कि.न. ४२ को (बगर प्रति) १-१-१५ क्षेत्रफल जग्गा रहेको व्यहोरा भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीमा जानकारी गराउने निर्णय गरियो ।

प्रस्ताव ८४.३.८

अनुदान सहयोग सम्बन्धमा ।

निर्णय नं.८४.३.८

यस बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित रामनगर कम्पोष्ट मल प्लान्ट तथा फोहर व्यवस्थापन संस्थाले उक्त वडाको फोहर संकलन र संकलित फोहर तोकिएको स्थानमा विसर्जन गर्दै आएको छ । उक्त कार्यको संचालन खर्च फोहर व्यवस्थापन सेवा शुल्कबाट वन्दोवस्ती हुँदै आएकोमा कोरोना भाइरस (कोभिड-१९) का कारण सेवा शुल्क उठ्न नसकेको र संस्थामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक समेत भुक्तानी गर्न नसकिएकोले उक्त संस्थाका सफाईमा संलग्न कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध गराउने प्रयोजनका लागि अनुदान उपलब्ध गराई दिन भनी वडा कार्यालय वडा नं.१० को च.नं.१२५७ मिति २०७८।३।११ को प्राप्त पत्र, रामनगर कम्पोष्ट मल प्लान्ट तथा फोहरमैला व्यवस्थापन संस्थावाट प्राप्त कर्मचारीहरुको विवरण र शाखा, महाशाखाहरुवाट प्राप्त सिफारिस समेतका आधारमा फोहरमैला व्यवस्थापन जस्तो संवेदनशिल र

Scanned with CamScanner

स्वास्थ्यसँग सम्वन्धित विषय समेत भएको हुँदा वडाको माग बमोजिमको रु.१७६०००।- (एक लाख छयात्तर हजार मात्र) उल्लेखित प्रयोजनका लागि चालु भैपरि शीर्षकबाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव ८४.३.९
होल्डिङ्ग सेन्टर निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
निर्णय नं.८४.३.९
जिल्ला प्रशासन कार्यालय रुपन्देहीको प.सं.०७७/०७८ च.नं.११०४५ मिति २०७८।०३।१७ को प्राप्त पत्रबाट होल्डिङ्ग सेन्टर निर्माण गर्न उपयुक्त जग्गा उपलब्ध गराई दिन भनि लेखि आएकोमा वडा कार्यालय वडा नं.११ को प.सं.०७७।०७८ च.नं.७९१६ मिति २०७८।०३।०२ को पत्रबाट बुटवल-११ स्थित देवीनगरमा रहेको कि.नं.९६ मा खाली भएको हुँदा उपलब्ध हुन सक्ने भनि उल्लेख भई आएको हुँदा वडा नं.११ देवीनगर स्थित साविक नक्शा नं. ९क कि.नं.९६ को पेश भएको फिल्डबुकमा बगरप्रति जनिएको क्षेत्रफल ज.वि.१७-३-१२ जग्गाको दक्षिण पश्चिमबाट देहायको चारकिल्ला भित्रको देहाय बमोजिमको क्षेत्रफल कायम हुने जग्गा विगाहा ३-१०-० (तीन विगाहा दश कट्ठा) जग्गा होल्डिङ्ग सेन्टर स्थापनाका लागि उपलब्ध हुन जिल्ला प्रशासन कार्यालय रुपन्देही मार्फत सम्वन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

| | |
|---|---|
| पूर्व | -एन्फा एकेडेमी र देवसिद्ध खानेपानीको केही भाग । |
| पश्चिम | -तिनाउ खोला । |
| उत्तर | -हाल ड्राइभिङ्ग लाइसेन्स ट्रायल सेन्टर । |
| दक्षिण | -हाल क्रसर रहेको । |

प्रस्ताव नं.८४.३.१०
**शोक प्रस्ताव सम्वन्धमा ।**
स्थानीय तहको निर्वाचन २०७४ को माध्यमबाट यस बुटवल उपमहानगरपालिकाको वडा नं.१८ को वडाध्यक्ष पदमा निर्वाचित मिलनसार सहयोगी एवं हाम्रा सहकर्मी मित्र श्री हुमनाथ आचार्य यहि मिति २०७८।३।२२ गतेका दिन कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित भई दिवंगत हुनु भएको हुँदा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा यो कार्यपालिका बैठक गहिरो समवेदना व्यक्त गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।



Scanned with CamScanner